## पाँचखपन नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ३ (तीन)
मितिः २०७८ पौष ९ गते शुक्रवार

आ.व. २०७८/०७९
समयः विहानको १० बजे

आज मिति २०७८।०९।०९ गते शुक्रवारका दिन पाँचखपन नगर कार्यपालिकाको तेस्रो बैठक नगर प्रमुख श्री विपिन राईज्यूको अध्यक्षतामा निम्न लिखित पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितीः

| क्र.सं. | दर्जा | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री विपिन राई | | |
| २ | नगर उपप्रमुख | श्री भिमादेवी राई | | |
| ३ | अध्यक्ष, वडा नं. १ | श्री टेक बहादुर बुढाथोकी | | |
| ४ | अध्यक्ष, वडा नं. २ | श्री उत्तम दाहाल | | |
| ५ | अध्यक्ष, वडा नं. ३ | श्री शुक्रराज राई | | |
| ६ | अध्यक्ष, वडा नं. ४ | श्री काजी बहादुर तामाङ | | |
| ७ | अध्यक्ष, वडा नं ५ | श्री राम बहादुर तामाङ | | |
| ८ | अध्यक्ष, वडा नं ६ | श्री नरेश कुमार श्रेष्ठ | | |
| ९ | अध्यक्ष, वडा नं. ७ | श्री कृष्ण बहादुर खड्का | | |
| १० | अध्यक्ष, वडा नं ८ | श्री छत्र बहादुर न्यौपाने | | |
| ११ | अध्यक्ष, वडा नं. ९ | श्री कुल बहादुर तामाङ | | |
| १२ | कार्यपालिका सदस्य | श्री सीता तामाङ | | |
| १३ | ,, ,, | श्री मधु तामाङ | | |
| १४ | ,, ,, | श्री नन्द कुमारी श्रेष्ठ | | |
| १५ | कार्यपालिका सदस्य | श्री पदम केशर राई | | |
| १६ | ,, ,, | श्री ठाकुर प्रसाद राई | | |
| १७ | ,, ,, | श्री पेमाछिरी शेर्पा | | |
| १८ | ,, ,, | श्री मन्जु श्रेष्ठ | | |
| १९ | ,, ,, | श्री मैया गदाल | | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री मान बहादुर बराल | | |

**पाँचखपन नगर कार्यपालिकाको बैठक**

बैठक संख्याः ३ (तीन) आ.व. २०७८/०७९

मितिः २०७८ पौष ९ गते शुक्रवार समयः विहानको १० बजे

आमन्त्रितः

| क सं | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | इन्जिनियर | श्री आकाश श्रेष्ठ | [signature] | |
| २ | सू. प्र.अ. | श्री जिवन श्रेष्ठ | [signature] | |
| ३ | लेखापाल | श्री स्मरणराज गिरी | [signature] | |
| ४ | स. लेखापाल | श्री अशोक न्यौपाने | [signature] | |
| ५ | अ.सव-इन्जिनियर | श्री प्रकाश न्यौपाने | [signature] | |

**पाँचखपन नगर कार्यपालिकाको बैठक**

बैठक संख्याः ३ (तीन) आ.व. २०७८/०७९

मितिः २०७८ पौष ९ गते शुक्रवार समयः बिहानको १० बजे

**प्रस्ताव तथा निर्णयहरुः**

१. **विशेष अनुदानको ठेक्का सम्झौता भई बाँकी रकम बाँडफाँड सम्बन्धमाः**

पाँचखपन नगरपालिकाको वृहत खानेपानी आयोजना वाना चिहिबार वृहत खानेपानी योजना निर्माणको लागि संघीय सरकारबाट रु.१४१०००००।— रकम चालु आ.व. २०७८/७९ मा प्राप्त भएको र उक्त योजना संचालनको लागि सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम ठेक्का खुलाउँदा रु.१००५२०१२.५२ मा ठेक्का परी सोही बमोजिम ठेक्का सम्झौता भएको र उक्त रकम बाट घटी कबोल हुन आएको रकम रु.३६२५०७२.९८।— लाई देहाय बमोजिमका शिर्षकमा बाँडफाँड गरी खर्च गर्ने अख्तियारी दिने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | योजना तथा कार्यक्रम शिर्षक | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | पाँचखपन नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि डि.पि.आर. तयार | १५००००० | |
| २ | पाँचखपन नगरपालिका भवनको ट्रस मर्मत सम्भार र रंग रोकन | ४९,०००० | |
| ३. | नगरपालिकाका सम्पूर्ण वडाहरुमा इन्टरनेट जडान खर्च | ४२५००० | |
| ४ | नगर तथा सबै वडाहरुमा राजस्व संकलन सफ्टवेयर जडान खर्च | ४००००० | |
| ५ | निर्माण सामाग्री (Total Station) खरिद | ५००००० | |
| ६ | हेलिप्याड निर्माण | ३५०७२.९८ | |
| ७ | मोटरसाइकल खरिद | २५०००० | |
| ८ | आधारभुत स्वास्थ्य केन्द्र पाँचखपन-७ को लागि खानेपानी पाईप तथा हिलट्यांक खरिद | २५००० | |
| जम्मा | | ३६२५०७२.९८ | |

२. **जग्गा प्राप्ति सम्बन्धमाः**

पाँचखपन नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि ७६० ब.मी. जग्गा आवश्यक भएको हुँदा उक्त जग्गा खरिदको लागि रु. २००००००।— (रु. बीस लाख) बजेटको व्यवस्था भएको हुँदा जिल्ला संखुवासभा साविक वाना गा.वि.स. वडा नं. १ हाल पाँचखपन नगरपलिका वडा नं. ६ स्थित कविता श्रेष्ठको नाममा नाप नक्सा भई जग्गाधनी प्रमाणपुर्जा रहेको कित्ता नं. ३,१९३ क्षेत्रफल ५०५ ब.मी. ससिम कित्ता खरिद गरी प्राप्ति गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो साथै जिल्ला संखुवासभा साविक वाना गा.वि.स. वडा नं. १ हाल पाँचखपन नगरपलिका वडा नं. ६ स्थित दल बहादुर श्रेष्ठको नाममा नाप नक्सा भई जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको कि.नं. ६९३ क्षेत्रफल ९१० ब.मी. मध्ये २५५ ब.मी. जग्गा यस नगरपालिकाको हकभोग भित्र रहेको जग्गा संग साँध सिमाना मिल्नेगरी दक्षिण तर्फबाट निज जग्गा धनीले निःशुल्क दिन मन्जुर गरेको मन्जुरीनामा सम्बन्धित

वडा कार्यालय मार्फत प्रस हुन आएकोले उक्त जग्गा निःशुल्क प्राप्ति गर्न स्वीकृतीको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

३. **समपुरक तथा विशेष अनुदानको लागि योजना छनौट सम्बन्धमाः**

राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाडौको मिति २०७८/०८/२४ मा प्रकाशित भएको सूचना वमोजिम यस नगरपालिकावाट आगामी आ.व. २०७९/८० को लागि तपसिल बमोजिमको योजनाहरु प्राथमिकता अनुसार छनौट गरी आयोगको वेवसाइट www.csgrants.gov.np द्वारा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिलः

क) समपुरक अनुदान तर्फः

| सि.नं | योजनाको नाम | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|
| १ | वाना लिङलिङ वडेरेनी मोटरवाटो स्तरोन्नती | पहिलो | |
| २ | वाना सिभुवा टाइगरचोक चौदण्डी मोटरवाटो स्तरोन्नती | दोस्रो | |
| ३ | हाङ्दुवाखोला टाइगरचोक सिंचाई कुलो निर्माण | तेस्रो | |

ख) विशेष अनुदान तर्फः

१. विहिवारे वाना वृहत खानेपानी योजना

ग) प्रदेश समपुरक (मुख्यमन्त्री ग्रामीण सडक) तर्फः

१. हेवाखोला वाना ओक्तेन वाहविसे सडक स्तरोन्नती

४. **प्रशासकीय भवन निर्माण सम्बन्धमाः**

पाँचखपन नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि आयोजनाको विस्तृत विवरण रिपोर्ट डि.पि.आर. समेत तयार भइसकेकोले उक्त भवन चालु आ.व. २०७८/७९ मा निर्माण कार्य सुरु हुनेगरी स्थानीय पूर्वाधार विभाग, श्रीमहल, पुल्चोक, ललितपुर संग श्रोत सुनिश्चितताको लागि अनुसूची-१ बमोजिम आयोजनाको माग फारम भरी पठाउने निर्णय गरियो ।

५. **म्यद थप सम्बन्धमाः**

यस नगरपालिका अन्तर्गत प्रशासनिक, प्राविधिक तथा स्वास्थ्य सेवामा कार्यरत करार सेवा शुल्कबाट, वडा स्तरीय वजेटवाट र शसर्त अनुदानवाट तलव भत्ता भुक्तानी लिई कामकाज गर्ने सम्पूर्ण कर्मचारीहरुको करार लगायतको सेवा अवधि २०७९ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

६. **शिर्षक परिवर्तन सम्बन्धमाः**

पाँचखपन नगरपालिकाको चालु आ.व. २०७८/७९ को नगर तथा वडा सभाले विनियोजन गरेको तपसिल वमोजिमको योजनाहरु तपसिल बमोजिम शिर्षक परिवर्तन गर्न हिउँदे नगरसभा समक्ष पेश निर्णय गरियो ।

तपसिलः

| क्र.सं | नगर/वडा स्तरीय | भएको | | हुनुपर्ने | | कै. |
|---|---|---|---|---|---|---|
| | | योजनाको नाम | वजेट रु. | योजनाको नाम | बजेट रु. | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | वडास्तरीय वडा नं. ४ | अति विपन्न वडावासीहरुलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम (३० परिवार) | १०५००० | वडा नं. ४ मा ट्र्याक ओपन भएका मुख्य बाटोहरुको मर्मत | १००००० | |
| | | | | अति विपन्न वडावासीहरुलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम (३० परिवार) | ५००० | |

विपिन राई
नगर प्रमुख

***